# आध्यन्त फन्ड म्यानेजमेन्ट लिमिटेड

aadhyanta

**बालुवाटार ४, काठमाण्डौं**

दर्ता नं २६३७९७/७७/७८

# पाचौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२।०९।०२)**

आदरणीय शेयरधनी महानुभावहरुमा यस कम्पनीको मिति २०८२।०९।०१ गते बसेको संचालक समितिको अठचालिसौं बैठकको निर्णयानुसार आ.व.२०८१/८२ को पाचौं वार्षिक साधारण सभा निम्न मिति, समय, स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थिति/जानकारी तथा सहभागिताको लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय :**

**मिति** : २०८२/०९/२४ बिहिबार (तदनुरुप जनवरी ०८, २०२६)

**समय** : बिहान ११:३० बजे ।

**स्थान** : होटल ले हिमालय, लाजिम्पाट काठमाडौं ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची**

**क) सामान्य प्रस्तावहरु**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षक प्रतिवेदन सहितको आ.व. २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

३. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/८२ को सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ८ प्रतिशत (कर सहित) नगद लाभांस वितरण गर्न स्वीकृत गर्ने ।

४. आ.व. २०८२/८३ को लागि संचालक समितिले सिफारिस गरे बमोजिम बाह्य लेखापरिक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. कम्पनी ऐन २०६३ को दफा ९१ तथा दफा ९५(२) बमोजिम संचालकको भत्ता तथा पारिश्रमिक अनुमोदन तथा स्वीकृत गर्ने सम्वन्धमा ।

६. संचालक समितिको चार सदस्यको निर्वाचन ।

**ख) विविध**

**सभा सम्बन्धी सामान्य जानकारी**

१) यस आध्यन्त फन्ड म्यानेजमेन्ट लिमिटेड कम्पनीको मिति २०८२/०९/२४ मा हुन गईरहेको वार्षिक साधारण सभामा उपस्थित भईदिनुहुन सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध गर्दछौं ।

२) सभामा आफ्नो राय सुझाव दिन चाहनुहुने महानुभावले लिखित रुपमा आफ्नो राय कम्पनी सचिवको इमेल ठेगाना contact@aadhyanta.com मा समेत दिनसक्ने व्यवस्था मिलाईएको छ । उपस्थित गणपूरक संख्या सभा संचालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा संचालन हुनेछ ।

३) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको, सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी, प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गरी सभा शुरु हुनुभन्दा ४८ घण्टा पहिले अर्थात् मिति २०८२/०९/२२ गते बिहान ११:३० बजे भित्र लिखित रुपमा यस कम्पनीमा दर्ता गराई सक्नु पर्नेछ ।

४) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयरदर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

५) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरीसकेपछि सम्बन्धित शेयरधनीले आफैले भाग लिन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा सुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै सो को सूचना कम्पनीको रजिष्टर्ड कार्यलयमा वा ईमेल मार्फत दर्ता गरी सक्नुपर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुनसक्ने छैन । तर सभामा शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि नियुक्तिको अख्तियारनामा स्वतः बदर हुनेछ ।

६) कुनै शेयरधनी महानुभावले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी प्रचलित कानून अनुसार सचिव/कर्मचारी मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ ।

७) संचालकको निर्वाचनसंग सम्बन्धित जानकारी साधारण सभा हुनु भन्दा १५ दिन अगावै कम्पनीको केन्द्रिय कार्यालय स्थित सूचना पाटीमा निर्वाचन सम्बन्धी कार्यक्रमको सूचना प्रकाशित गरिनेछ ।

८) संचालक निर्वाचन सम्बन्धी कार्यक्रम कम्पनीको निर्वाचन निर्देशिका बमोजिम हुनेछ ।

९) कम्पनीले यो सूचना प्रकाशित भएको मितिसम्म शेयर वापत माग गरेको सम्पूर्ण रकम चुक्ता गरेको, नियमावलीको नियम २८ मा उल्लेख भए बमोजिमको संख्यामा आफ्नो नाममा शेयर लिएको, कम्पनी ऐनले संचालक हुन बन्देज नगरेको र धितोपत्र बोर्डले जारी गरेको विशिष्टिकृत लगानी नियमावली २०७५ ले निर्धारण गरे बमोजिम योग्यता पुगेको शेयरधनी मात्र संचालक पदको निर्वाचनमा उम्मेद्वार हुन सक्नेछ ।

१०) संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले कम्पनीको केन्द्रिय कार्यालय स्थित सूचना पाटीमा प्रकाशित निर्वाचन सम्बन्धी कार्यक्रमको सूचनामा उल्लेखित समयावधि भित्र शेयरधनीले तोकिएको ढाँचामा मनोनयनपत्र तथा सो को दस्तुर रु ५,००० मात्र (पछि फिर्ता नहुने) आफ्नो नाम दर्ता गर्नुपर्नेछ । उम्मेद्वारीबाट आफ्नो नाम फिर्ता लिन चाहेमा समेत सोही निर्वाचन सम्बन्धी कार्यक्रममा उल्लेखित समय भित्र उम्मेद्वारी फिर्ता लिन सकिनेछ ।

११) पाचौं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालय, काठमाडौं वडा नं ४, बालुवाटारमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ । थप जानकारी कम्पनीको वेबसाइट www.aadhyanta.com बाट प्राप्त गर्न सक्नुहुनेछ ।